नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाण्डौं

उप-महानिर्देशक

## राष्ट्रिय पुरस्कारका लागि मनोनयन गर्ने सम्बन्धि सूचना

यस विभागको आ.व.०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुरूप निम्न पुरस्कारहरुका लागि सामुदायिक वन उपभोक्ता समूहहरु, साझेदारी वन उपभोक्ता समूहहरु, कबुलियती वन उपभोक्ता समूहहरु, नीजिवन कृषकहरु तथा राष्ट्रसेवक कर्मचारीहरुलाई पुरस्कारमा मनोनयन हुनका लागि आ.व.०८१।०८२ मा सम्पन्न भए गरेका कार्यहरुको प्रमाणित दस्तावेज सहित सम्बन्धित जिल्लाको डिभिजन वन कार्यालय मार्फत मनोनयनका लागि वन तथा भू-संरक्षण विभागमा पेश गर्नु हुन अनुरोध छ ।साथै सम्बन्धित डिभिजन वन कार्यालयहरुले स्वीकृत कार्यविधि अनुरुप मनोनयन गरी सिफारिस साथ २०८२ अषाढ २० गते सम्ममा वन तथा भू-संरक्षण विभागमा पठाई दिनु हुन सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुरस्कारको लागि विवरण | सिफारिसको लागि आवश्यक योग्यता |
|---|---|---|
| १ | गणेशमान सिंह सामुदायिक वन पुरस्कार | साविक जिल्ला वन कार्यालय तथा हाल डिभिजन वन कार्यालयमा दर्ता भएका सामुदायिक वन उपभोक्ताहरु |
| २ | कबुलियती वन राष्ट्रिय पुरस्कार | साविक जिल्ला वन कार्यालय तथा हाल डिभिजन वन कार्यालयमा दर्ता भएका कबुलियती वन उपभोक्ताहरु |
| ३ | नीजि वन राष्ट्रिय पुरस्कार | साविक जिल्ला वन कार्यालय तथा हाल डिभिजन वन कार्यालय र स्थानिय तहमा दर्ता भएका नीजि वन उपभोक्ताहरु |
| ४ | साझेदारी वन राष्ट्रिय पुरस्कार | साविक जिल्ला वन कार्यालय तथा हाल डिभिजन वन कार्यालयमा दर्ता भएका साझेदारी वन उपभोक्ताहरु |
| ५ | गणेश बहादुर शाही संरक्षण पुरस्कार | वन रक्षक, सशस्त्र वन रक्षक, फरेष्टर र रेञ्जर |

वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाण्डौं ।